आर्थिक वर्ष २०७५/७६ को

# बजेट वक्तव्य

मेलम्ची नगरपालिकाको नगरसभामा २०७५ साल पौष २६ गते
मेलम्ची नगरपालिकाकी उप-प्रमुख भगवती नेपालले
प्रस्तुत गर्नु भएको

स्थानीय सरकार
मेलम्ची नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
३ नं प्रदेश, नेपाल

**दीर्घकालिन सोच :-** "मेलम्ची नगर सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार"

नगरसभाका श्रद्धेय अध्यक्ष ज्यू,
नगरसभा सदस्यज्यू, पत्रकार मित्रहरू तथा दर्शकदीर्घामा रहनु भएका महानुभावहरू,

- मेलम्ची नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगर सभा समक्ष चालु आर्थिक वर्ष २०७५/७६ को संसोधित बजेट प्रस्तुत गर्न पाउंदा अत्यन्त गौरवान्वित भएकी छु । यस अवसरमा राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । त्यसैगरी नगरका तमाम न्यायप्रेमी नेपाली नागरिक प्रति सम्मान प्रकट गर्न चाहन्छु ।
- लामो समयको राजनैतिक संक्रमणकाल पछि देशमा सवै तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिमूलक राज्य प्रणाली स्थापना भई लोकतान्त्रिक शासन प्रणाली संस्थागत हुने क्रममा रहेको छ । यो उपलब्धी संगै नगरबासीको भरपर्दो साथ र विश्वास पाएको स्थानीय सरकारलाई नगरको सम्पुर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अघि बढ्नु पर्ने आवश्यकता छ ।
- "मेलम्ची सम्वृद्धिको आधारः कृषि, पर्यटन, उद्योग र जलाधार", भन्ने नाराका साथ आर्थिक सामाजिक विकासको लागि अघि बढीरहेको यस नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, श्रद्धेय नगर प्रमुखद्धारा प्रस्तुत भएको नीति तथा कार्यक्रम, नगर सभाका सदस्यज्यूहरूले दिनु भएका सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएकी छु, अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव, विभिन्न राजनैतिक दल, संघसंस्था, विद्धतवर्ग तथा नगरवासी दिदी-बहिनी, दाजु-भाईहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएकी छु ।

श्रद्धेय सभा अध्यक्ष ज्यू,

- अव म चालु आ.व ०७५।०७६ को विनियोजित वजेटबारे संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु । नगरपालिकाबाट चालु आर्थिक वर्षमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् ब्यवस्थापन र सुशासन तथा संस्थागत विकास सहित क्षेत्रगत रुपमा कार्यक्रम तथा आयोजना छनौट भएका छन् । साथै अघिल्लो आ.व.को यथार्थ खर्चको विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको ब्यहोरा निवेदन गर्दछु ।

  - नगरपालिकामा आ.व. ०७५।०७६ को मंसिर मसान्त सम्म नगरपालिका तर्फको सेवा र दस्तुर वापत रू ५७ लाख ८५ हजार सात सय ३६ रूपैया साठ्ठी पैसा, प्राकृतिक श्रोत साधन उपयोग वापत ब्यवसायिक कर रू ७ करोड उनासी लाख सन्तानब्बे हजार तेत्तिस रूपैया चौवालिस पैसा, सडक मर्मत शुल्क तर्फ रू सतासी लाख उनान्सय हजार असी रूपैया नब्बे पैसा र सवारी प्रवेश कर रू सत्र लाख सन्तानब्बे हजार छ सय सत्र रूपैया दश पैसा गरी कुल आम्दानी रू नौ करोड त्रिचालिस लाख उनासी हजार चार सय अठसठ्ठी रूपैया चार पैसा आन्तरिक आय प्राप्त भएको छ । नेपालको संविधान बमोजिम नगरपालिकाले लगाउने कर, दस्तुर तथा शुल्क लगायतका राजस्वको दरलाई वैज्ञानिक बनाई राजस्वका आधारहरू विस्तार गर्न नगरपालिकाले आफ्नो आन्तरिक जनशक्तिलाई राजस्वको अध्ययन र प्रतिवेदन तयारीमा परिचालित गरी राजस्व परामर्श समितिको प्रतिवेदनलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ । यसबाट आगामी दिनहरूमा करको दायरा विस्तार भई आन्तरिक राजस्व परिचालनमा सुदृढ हुने विश्वास लिएकी छु ।

श्रदेय सभा अध्यक्ष महोदय,
अब म आ.व. ०७५/०७६ मा नगर भित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरूका लागि रकम विनियोजनको प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. ०७५।०७६ मा नगरपालिकालाई विनियोजित तथा नगरको आन्तरिक श्रोतबाट प्राप्त हुने अनुमानित वजेट यस प्रकार रहेको छ ।

**संघिय सरकारबाट प्राप्त हुनेः**

क) वित्तीय समानिकरण अनुदान रू २०,६१,०८,०००।-
ख) सशर्त अनुदान रू २३,४८,००,०००।-
ग) राजस्वको वांडफांड रू ९,०१,४७,०००।-
घ) सामाजिक सुरक्षा रू ९,००,००,०००।-

जम्मा रू ६२,१०,५५,०००।-

**प्रदेश सरकारबाट प्राप्त हुनेः**

क) वित्तीय समानिकरण अनुदान रू ८५,९९,०००।-
ख) सशर्त अनुदान रू ३,८६,७०,०००।-

जम्मा रू ४,७२,६९,०००।-

**नगरको आन्तरीक आम्दानी :**

क) आन्तरिक राजस्व रू ४,९९,५०,०००।-
ख) दहत्तर बहत्तर रू १७३८९३८००।-
ख) राजस्व बाडँफाडँ रू ६,३०,००,०००।-
ग) प्रभावित क्षेत्र विकास कार्यक्रम रू ८५,००,०००।-
ङ) अ. ल्या. रू ३,७१,७३,५४३।४३-

जम्मा रू ३३,२५,१७,३४३।४३

**अन्य आम्दानी :**

सडक बोर्ड नेपाल रू ३५,००,०००।-

समेत गरी कुल नगरपालिकामा प्राप्त हुने आम्दानी : रू १,००,४३,४१,३४३।४३ (एक अर्ब त्रिचालिस लाख एकचालिस हजार तिन सय त्रिचालिस रूपैया र त्रिचालिस पैसा मात्र)

यस्तै , यस नगरपालिका क्षेत्र भित्र कार्यक्रमहरू संचालन गरिरहेका संघसंस्थाहरूबाट चालु आ.व.मा संचालन हुने कार्यक्रम तथा योजनाको विवरण प्राप्त भएका छन् ।

प्राप्त कार्यक्रम तथा बजेट सम्बन्धी विवरण तपसिल अनुसार रहेका छन् :

| | |
|---|---|
| १. सुआहारा कार्यक्रम (टुकी संघ) | रू १८ लाख ३८ हजार |
| २. महिला आत्मनिर्भरता केन्द्र | रू ७ करोड ९८ लाख |
| ३. टुकी संघ सुनकोशी | रू २९ लाख |
| ४. महिला शक्ति विकास केन्द्र | रू ५ लाख ५५ हजार |
| ५. सामुदायिक आत्मनिर्भर केन्द्र | रू १ करोड ८३ लाख |
| ६. ह्योल्मो सिन्धु मेलम्ची उ.सा.उ.का. | रू ७ करोड ५० लाख |
| ७. विकासका लागि एकता | रू ३६ लाख ६४ हजार |
| ८. प्राकृतिक श्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपाल | रू ७ लाख २ हजार |
| ९. कारितास नेपाल | रू २२ करोड ९४ लाख |
| १०. एक्सन अटोनमी नेपाल | रू १५ लाख |
| ११. शक्ति समुह | रू ४२ लाख ७७ हजार |
| १२. राष्ट्र निर्माण मञ्च नेपाल | रू ४१ लाख बयासी हजार |
| १३. टिपिओ नेपाल | रू २८ लाख |
| १४. केयर नेपाल | रू १ करोड ३१ लाख |
| १५. वान हर्ट वान वोर्ल्ड | रू ११ लाख ३४ हजार |
| १६. रेस्ट नेपाल | रू ५७ लाख ७७ हजार |
| १७. विविपि परिवार | रू ९ लाख ९५ हजार |
| १८. सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च | रू १२ लाख |
| १९. ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल | रू ६ लाख ४२ हजार |
| २०. चाइल्ड नेपाल | रू १ करोड ३५ लाख |

| | |
|---|---|
| २१. हेल्भेटास स्वीस इन्टर कोअपरेशन नेपाल | रू २५ करोड |
| २२. शान्ती फाउण्डेशन | रू ४ लाख ३५ हजार |
| २३. रक्षा नेपाल | रू ५ लाख ८७ हजार |
| २४. यूएनडिपी/सिडिइसिएफ | रू ६० लाख |
| २५. होप केयर नेपाल | रू ६ लाख ३३ हजार |
| २६. चायल्ड नेपाल | रू २८ लाख |
| २७. द साल्भेसन मिसन | रू ३७ लाख २८ हजार |

यसरी चालु आ.व. २०७५/७६ को लागि नगरपालिका तर्फ जम्मा रू १,००,४३,४१,३४३।४३ (एक अर्ब त्रिचालिस लाख एकचालिस हजार तिन सय त्रिचालिस रूपैया र त्रिचालिस पैसा मात्र) र संघसंस्था तर्फ ७८ करोड ९२ लाख ८१ हजार गरी १ अर्व अनासी करोड छत्तीस लाख बाइस हजार तीन सय त्रिचालिस रूपैया त्रिचालिस पैसाको अनुमानित, संसोधित कार्यक्रम तथा बजेट रहेको ब्यहोरा अनुरोध गर्दछु । आय ब्ययको विस्तृत विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको ब्यहोरा समेत निवेदन गर्दछु ।

- विनियोजित बजेटमध्ये नगरपालिका तर्फको पुजिगत शीर्षकमा ५७ करोड ७६ लाख २९ हजार ३ सय ४३ रूपैया ४३ पैसा र चालु प्रकृति तर्फका कार्यक्रम तथा प्रशासनिक शीर्षकमा ४२ करोड ६७ लाख १२ हजार विनियोजन गरेको छु । संघसंस्थाबाट प्राप्त वजेट नगरसभाबाट स्वीकृत गराई संचालन हुनेछ । संघसंस्थाबाट पेश भएको ७८ करोड बयानब्बे लाख ८१ हजार बराबरका कार्यक्रमहरू स्वीकृतीका लागि पेश गर्दछु । अव म मेलम्ची नगरपालिकाबाट विनियोजित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।
- विनियोजित रकममध्ये चालु आ.व.को मंसिर मसान्तसम्म पुँजिगत प्रकृतिका खर्च तर्फ रू ३ करोड उनान्सत्तरी छब्बीस हजार एक सय पचास रूपैया सोह्र पैसा र चालु प्रकृतिका खर्च तर्फ रू १२ करोड ४४ लाख पाँच हजार नौ सय त्रिहत्तर रूपैया पैसठ्ठी पैसा खर्च भएको छ ।

- कृषि, पशु र जनस्वास्थ्य सेवाको लागि संयुक्त सेवा केन्द्रको ब्यवस्था गर्दै लैजाने नीतिलाई निरन्तरता दिएको छु । यस बमोजिम नगरपालिकाको वडा नं. ४ को पिप्ले क्षेत्रमा संयुक्त सेवा केन्द्र स्थापना यसै आ.व.मा गरिएको छ र सोको संचालन ब्यवस्थापनको लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

- कृषिमा आधुनिकीकरण तथा ब्यावसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध पदार्थ र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन कृषी विकास कोष बृद्धि गर्न १ करोड विनियोजन गरेको छु ।
- नगरपालिका भित्र तरकारीबाली, नगदेबाली, फलफुल खेतीको पकेट क्षेत्र निर्धारणगरी विशेष कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था मिलाएको छु । कृषिमा समयानुकुल यान्त्रीकरण गर्दै उत्पादन लागत घटाउने तथा उत्पादकत्व बढाउने नगरपालिकाको नीति भए बमोजिम कृषि यन्त्र उपकरण खरीदमा आवश्यकता अनुसार अनुदान प्रदान गर्ने ब्यवस्था गरेको छु । मल, विउ, सिंचाई, कृषि प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गर्ने तथा बाली, पशु बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने ब्यवस्थाको लागि समन्वयका साथ कार्य गर्ने ब्यवस्था मिलाईएको छ । यस कार्यको लागि निजी क्षेत्र, समूह र सहकारी संस्थाहरूलाई समेत परिचालन गर्ने गरी आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- सार्वजानिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु नश्ल केन्द्र विकास गरी उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरूको उत्पादन तथा वितरणलाई ब्यवस्थित गर्न आवश्यक ब्यवस्था गरेको छु ।
- सेनेटरी ल्याण्डफिल साइड निर्माण गरी फोहरमैलाको समुचित ब्यवस्थापन गरिनेछ, जसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- मेलम्ची नगरपालिकामा एक सुविधा सम्पन्न अस्पताल निर्माण हुनेछ, जसको जग्गा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ
- नगर शहरी स्वास्थ्य क्लिनिकको स्थापना भएकोमा यसलाई विस्तार गर्दै लैजाने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिंदै नगरभित्रका बर्थिङ सेन्टरहरूमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरूलाई तीन महिना सम्म मासिक रू. १ हजारका दरले पोषण भत्ताको व्यवस्था गरेको छु ।
- नगर भित्र एक वडा एक स्वास्थ्य केन्द्रको नीति बमोजिम वडाहरूमा स्वास्थ्य केन्द्रको स्थापना तथा व्यवस्थाको लागि आवश्यक पहल गरिने छ, नगरभित्र रक्तदान कार्यक्रम तथा रक्त परीक्षण कार्यलाई आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- मेडिको मोवाइल तथा डाटावेश सम्बन्धी स्वास्थ्य सुधार कार्यक्रम अगाडी बढाइनुको साथै वडा नं २ र वडा नं ८ को स्वास्थ्यचौकी निर्माणका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ । जसको लागि नगरपालिकाको तर्फबाट साझेदारीका लागि २० लाख रकम विनियोजन गरेको छु ।
- स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरीनेछ, जसको आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा निःशुल्क आधारभुत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरूको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सुशासनयुक्त नगरको परिकल्पनालाई मद्दत पुग्ने गरी सुशासनमैत्री नगर शीर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।
- शहरी सौन्दर्यता कायम गर्न बजार व्यवस्थापनलाई चुस्त र दुरूस्त राख्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- टोलटोलमा मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ जसको लागि रू ५ लाख बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको संचालन व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सामुदायिक मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापनको नीतिलाई निरन्तरता दिएको छु, जसको लागि रू ४ लाख विनियोजन गरेको छु ।
- नगर सुरक्षा कार्यक्रम नगरभित्र क्रियासिल रहेका सुरक्षा निकायसंगको समन्वयमा संचालन गरिनेछ जसको लागि रू २ लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्र रहेको टोलबस्तीहरूमा टोल विकास संस्था गठन गर्ने र क्रियासिल गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ, जसको संचालन/व्यवस्थापन/अनुशिक्षण/प्रोत्साहनका गर्न आ.व. ०७५।०७६ मा रू ५ लाख विनियोजन गरेको छु ।
- सम्बृद्ध नगर निर्माणको लागि नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई नगरपालिका क्षेत्रभित्र कार्यक्रम भ्रमण खर्च वापत नगरक्षेत्र भित्र कामको सिलसिलामा दिइदै आएको सुविधालाई मितव्यायी एवं पारदर्शी बनाउन तथा कर्मचारीको प्रोत्साहनका लागि सुरू तलब स्केलको ३५ प्रतिशत प्रोत्साहन भत्ता कार्यविधी बनाई लागु गरिएको छ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हितका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

- विषयगत शाखाहरूले सशर्त अनुदानबाट प्राप्त गर्ने भन्दा बाहेक समृद्ध नगरको परिकल्पनालाई साकार बनाउन नगरपालिकालाई प्राप्त हुने श्रोतबाट देहाय बमोजिमको रकम विनियोजन गरेको छु ।

तपशिल

क) कृषि विकाशमा रकम रू. १ करोड विनियोजन गरेको छु ।
ख) पशु विकासमा रकम रू. ६० लाख विनियोजन गरेको छु ।
ग) जनस्वास्थ्यको लागि रकम रू. १ करोड ७५ लाख विनियोजन गरेको छु ।
घ) योग तथा आर्युवेद चिकित्सा विकासका लागि रकम रू. २० लाख विनियोजन गरेको छु ।

- आकस्मिक हुने विपदको उद्धार, व्यवस्थापनका लागि विपदका अत्यावश्यक सामाग्रीहरूको व्यवस्थापन गरिनेछ, नगरपालिकामा स्थापना गरिएको विपद् व्यवस्थापन कोष बृद्धि गर्न संसोधित सहित रू ८७ लाख विनियोजन गरेको छु, उक्त कोषको समुचित संचालन व्यवस्थापनका लागि कार्यविधी बनाइनेछ ।

**शिक्षा यूवा तथा खेलकुद विकास**

- नगरपालिकाद्वारा तयार भएको शिक्षा ऐनको पूर्ण कार्यान्वयनका लागि सम्पूर्ण सम्बद्ध पक्षलाई आग्रह गर्दै आधारभुत शिक्षामा बहु कक्षा बहु शिक्षण पद्धतीलाई प्राथमिकता दिईने छ, विद्यालयहरूलाई बालमैत्री, अपाङ्गमैत्री बनाईदै लगिने छ । यसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

- मेलम्ची नगर खुल्ला मेयर कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- शैक्षिक गुणस्तरका सूचकहरू तयार गरी सो को आधारमा विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने र सोही आधारमा बजेटको व्यवस्था गर्दै लाने नीति लिईएको छ ।

- नगरका विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा प्राथमिकता दिई आधुनिक पद्धती बाट पठन पाठनको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- एक विद्यालय एक करेसाबारी स्थापनाको लागि बजेट व्यवस्था गरेको छु,

- सामुदायिक अध्ययन केन्द्र र नगर सूचना केन्द्र एकीकृत भैं संचालन भैं आएको नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- विद्यालय बाहिर रहेका आर्थिक सामाजिक रूपले पछाडी परेका बालबालिकाहरूका लागि अनौपचारिक शिक्षाको कार्यक्रमलाई निरन्तरता दिएको छु, जसको संचालन व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- शैक्षिक गुणस्तर बृद्धिको लागि समय सापेक्ष शैक्षिक/शैक्षणिक क्रियाकलाप संचालन गर्न नगरक्षेत्रका विद्यालयहरूसंग समन्वय गरी आर्थिक सामाजिक विकासमा शिक्षालाई जिम्मेवार पक्ष बनाईने नीति लिईने छ । यि समग्र शिक्षा कार्यक्रम का लागि रू. १ करोड अन्ठानब्बे लाख विनियोजन गरेको छु ।

- नगर क्षेत्रको खेलकुद विकासको लागि नगर खेलकुद विकास समिति गठन गरिनेछ । खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाउन नगर क्षेत्रका युवाहरू र क्रियाशील क्लवहरू संग समन्वय गरी खेलकुदका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

- सार्वजनिक जग्गा संरक्षणको कार्यक्रमलाई प्रभावकारी बनाईनेछ, यस कार्यको लागि रकम रू १५ लाख विनियोजन गरेको छु ।

- नगरपालिका र नीजि क्षेत्रको लगानीमा मेलम्ची ताजा तरकारी बजार संचालनमा ल्याइनेछ । यो कार्य कृषि शिर्षकमा विनियोजित रकमबाट संचालन गरिनेछ ।

- राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुरूप सहयोग गर्ने व्यवस्था गरेको छु । पत्रकारीता क्षेत्रको प्रवर्द्धन एवम् विकासको लागि संचार संग सम्बद्ध निकायहरूसंग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- मेलम्ची नगरपालिकाको धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्ग, भोटेचौर, थकनी, मेलम्ची पर्यटन विकासको लागि पर्यटन विकास गुरूयोजनाको आधारमा पिकनिक स्थल, पार्क, होम स्टे, भ्यु टावर, पदमार्ग लगायतको व्यवस्थापन गर्ने नीति बमोजिम आवश्यक रकम विनियोजन गरेको छु ।

- कला, साहित्य, संस्कृति, मठ,मन्दिर र गुम्वाको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धनको कार्यका लाई निरन्तरता दिइने छ, जसकालागि रू १० लाख रकम विनियोजन गरेको छु ।

- निमार्णधिन मेलम्ची सिटी पार्क लागी रू १ करोड बजेट विनियोजन गरेको छु ।

- नगर चक्रपथको ट्रयाक जोडने र सडकको स्तरोन्नती गर्न नगर चक्रपथको ट्रयाक जोडने र सडकको स्तरोन्नती गर्न कार्यलाई निरन्तरता दिदै आ. व ०७५ /०७६ को लागि रू. ३ करोड चौरानब्बे लाख बजेट विनियोजन गरेको छु ।

- वडा कार्यालयहरूमा पुग्ने सडकको स्तरोन्नती कार्यलाई निरन्तरता दिदै आ. व ०७५ /०७६ को लागि रू. १ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

- नदी नियन्त्रण, संरक्षणमा र करिडोर निर्माणकार्य को डि.पि.आर. निर्माण गरी संरक्षण कार्यको थलनी गर्न आ. व ०७५ /०७६ को लागि रू. १ करोड बजेट विनियोजन गरेको छु ।

- बस्तीस्तरबाट छनौट भैं आएका ,वडा समितिको प्रथमिकताका अनुसूचीमा उल्लेखित कार्यक्रहरूका लागि रू ७ करोड १५ लाख विनियोजित गरेको छु ।

- भौतिक पुर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चितताको लागि सुपरीवेक्षण तथा अनुगमन निरीक्षण कार्यलाई नियमित बनाई प्रभावकारी रूपमा अगाडि बढाईनेछ । त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु,

- नगरको समग्र विकासमा सार्वजानिक निजी साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति लिइएको छ । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र उपभोक्तासंग साझेदारी कार्यक्रम संचालन गर्नका लागि रू ४ करोड ७० लाख विनियोजित गरेको छु ।

- फटकशिलामा रहेको खानेपानी समस्या न्यूनिकरणका लागि संचालित फटकशिला खानेपानी आयोजनालाई यथासक्य छिटो सम्पन्न गरिनेछ यसका लागि रू १ करोड विनियोजन गरेको छु ।

- निर्माणाधिन नगरपालिकाको भवन तथा वडा कार्यालयहरूको भवन आ.व.०७५।०७६ मा सम्पन्न गरिनेछ, जसका लागि रू ६ करोड र वडा नं २ को वडा कार्यालय निर्माणका लागि १ करोड ७ लाख विनियोजन गरेको छु ।

- महिला, समावेशी वर्गको उत्थानका जीविकोपार्जन तथा सिपविकास सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ, जसको लागि रू ७५ लाख विनियोजन गरेको छु ।

**योजना तथा कार्यक्रम कार्यान्वयन तथा सञ्चालन रणनीतिहरू :**

आर्थिक वर्ष २०७५/७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको रणनीति अवलम्बन गरिनेछ ।

- आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणलाई थप प्रभावकारी बनाउने ।
- राजश्वका क्षेत्रहरूको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरूको सहकार्यमा जोड दिने ।
- ठूला योजनाहरूको सम्भाब्यता अध्ययन एवम् डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरूको सेवा लिने ।
- समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने
- लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरूको सहकार्य र साझेदारीमा जोड दिने ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

**अन्त्यमा ,**

**श्रद्धेय सभा अध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरू, पत्रकार मित्रहरू तथा दर्शक दिर्घामा रहुनभएका महानुभावहरू,**

**प्रस्तुत** बजेटको सफल कार्यान्वयनबाट मेलम्ची नगरपालिकाको समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु । प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरूमा धन्यवाद दिन चाहन्छु । वजेट नीति तथा कार्यक्रमहरूका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सदस्यज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एंव पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने सम्पूर्ण विषयगत समितिका पदाधिकारीहरू, राजनीतिक दलहरू, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी ब्यवसायी, बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरू प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरू, राजनैतिक दल, नागरिक समाज, सरकारी एंव गैर सरकारी संस्थाहरू, कर्मचारी वर्ग एंव आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ । सदा झै नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एंव विश्वास लिएको छु ।

**नमस्कार ! धन्यवाद !**